स्वीकृत मितिः२०७९/११/१६ गते

# वालविकास शिक्षक तथा विद्यालय सहयोगी व्यवस्थापन कार्यविधि-२०७९

**प्रस्तावनाः** यस लुङ्ग्री गाउँपालिकाका प्रारम्भिक वालविकास केन्द्र तथा कार्यालयको व्यवस्थापनलाई चुस्त राखि वालवालिकाहरुको शिक्षा आर्जन गर्ने आधारशिलालाई मजबुत बनाउन भुमिका खेल्ने आवश्यक जनशक्तिको व्यवस्थापनलाई पारदर्शी बनाउदै गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रारम्भिक वालविकास शिक्षक कर्मचारीहरुको व्यवस्थापनमा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) ज को अधिकार प्रयोग गरी लुङ्ग्री गाउँपालिकाले यो **वालविकास शिक्षक तथा विद्यालय सहयोगी व्यवस्थापन कार्यविधि-२०७९** बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम वालविकास शिक्षक तथा विद्यालय सहयोगी व्यवस्थापन कार्यविधि-२०७९रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "आधारभूत (नि.मा.वि.) तह" भन्नाले कक्षा ६-८ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

ख. "आधारभूत (प्राथमिक) तह"भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

ग. "कार्यविधि" भन्नाले विद्यालय कर्मचारी तथा वालविकास शिक्षक व्यवस्थापन कार्यविधि-२०७९ सम्झनुपर्छ ।

घ. "गाउँपालिका" भन्नाले लुङ्ग्री गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ. "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लुङ्ग्री गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

छ. "माध्यमिक तह" भन्नाले कक्षा ९-१० वा कक्षा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

ज. "वालविकास शिक्षक" भन्नाले यस लुङ्ग्री गाउँपालिकाबाट नियमित अनुदान पाउने वालविकास केन्द्रको शिक्षक सम्झनुपर्छ ।

झ. "विद्यालय कर्मचारी" भन्नाले यस कार्यविधिअनुसार नियुक्त हुने कर्मचारी सम्झनुपर्छ ।

ञ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ट. "विद्यालय सहयोगी" भन्नाले यस लुङ्ग्री गाउँपालिकाबाट नियमित अनुदान पाउने विद्यालय सहयोगी सम्झनुपर्छ ।

ठ. "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

ङ. "सम्बन्धित निकाय" भन्नाले विद्यालय, लुङ्ग्री गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाइ रोल्पा, प्रदेश शिक्षा निर्देशनालय लुम्बिनि प्रदेश, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षासँग सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

## परिच्छेद-२

## नियुक्ति सम्बन्धि व्यवस्था

३. दरखास्त आव्हानको सूचना प्रकाशित गर्नुभन्दा अघि शिक्षा शाखाबाट दरवन्दि रिक्त रहेको व्यहोरा प्रमाणित गराई विज्ञापन गर्न अनुमति लिएर मात्र प्रकृया बमोजिम करारमा नियुक्ति प्रकृया अगाडि बढाउनु पर्ने छ।

४. पदपूर्ती गर्नको लागि आवश्यक विवरण खुलाइ १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्ययमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, सम्बन्धित विद्यालय र गाउँपालिकाको सुचना पाटिमा टाँस गर्ने र ईच्छुक उम्मेद्वारले अनुसुची- १ बमोजिमको ढाँचामा तोकिएको स्थानमा दरखास्त दिनुपर्नेछ।

५. रिक्त पदमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढिमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्नेछ।

६. छनौट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले नियुक्ति गरेको जानकारी शिक्षा शाखालाइ दिनुपर्नेछ र शिक्षा शाखाले नियुक्ति समर्थन गरी विद्यालयलाइ उपलब्ध गराउनु पर्नेछ।

७. यस कार्यविधि बमोजिम प्रकृया नपुर्याइ विद्यालय सहयोगी तथा वालविकास शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति वदर गरी सम्बन्धित प्रधानाध्यापकलाइ कारवाहि गरिनेछ।

८. वालविकास केन्द्र शिक्षकको लागि आवश्यक न्युनतम योग्यता देहाय बमोजिम हुनेछ।

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह तह उत्तिर्ण गरेको
ख. स्थानिय तथा सम्बन्धित ठाउँको भाषा बोल्न सक्ने महिला।
ग. विवाहित र कुनै तहको अध्यापन अनुमति पत्र प्राप्त गरेकोलाइ प्राथमिकता।
घ. २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

९. कार्यालय सहयोगीको लागि आवश्यक न्युनतम योग्यता

क. साधारण लेखपढ गर्न जानेको
ख. स्थानिय लाइ विशेष ग्राह्यता
ग. २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

१०. सामुदायिक विद्यालयमा रिक्त बाल विकास केन्द्र शिक्षक र विद्यालय कार्यालय सहयोगीको नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न तपशिल बमोजिमको एक छनौट समिति रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - संयोजक

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सदस्य

स्थानीय तहमा सूचिकृतमध्ये गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना विज्ञ - सदस्य

सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

स्थानिय तहको शिक्षा शाखा प्रमुख - सदस्य सचिव

परीक्षा सम्बन्धि कार्य गर्न छनौट समितिले एक जना आमन्त्रित कर्मचारी राख्न सक्नेछ।

मनोनित सदस्यको पदावधि उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरेपछि स्वतः समाप्त हुनेछ।

११. छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ तर विद्यालयको अनुरोधमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिएर स्थानिय तह वा अन्य कुनै पायक पर्ने स्थानमा परीक्षा गराउन बाधा हुने छैन।

१२. विषय विज्ञः (१) स्थानीय तहमा सुचीकृत विषय विज्ञको सूचीमा रहेको शिक्षकलाई वालविकास तथा विद्यालय सहयोगीको छनौट परीक्षाको विषय विज्ञको रुपमा छनौट गरिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले विषय विज्ञमा सूचीकृत हुन उचित समय तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

१३. माथि जुनसुकै कुरा लेखिएको भएता पनि एकै पटकमा विद्यालय कर्मचारी करारमा छनौट सम्बन्धी कार्य गर्नुपर्ने भएमा छनौट समितिका पदाधिकारीहरुको संयुक्त बैठक बसी लिखित परीक्षा सम्बन्धि कार्य एकै स्थानमा सम्पन्न गरिनेछ भने अन्तर्वार्ता र अन्तिम नतिजा प्रकाशन सम्बन्धि कार्य विद्यालयगत रुपमा गरिनेछ।

१५. **आचारसंहिताः**

क. प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परिक्षणमा संलग्न हुने विषयविज्ञले उक्त परीक्षा संचालन अवधिभर परीक्षा हलमा प्रवेश गर्न पाउने छैनन्।

ख.परीक्षार्थीहरुले परीक्षा अवधिभर मोवाइल स्विच अफ गर्नु पर्नेछ र तोकिएको स्थानमा परीक्षाको प्रश्नपत्र निर्माण देखि परीक्षाको नतिजा सार्वजनिक नहुन्जेल सम्म छनौट समितिमा रहेका व्यक्तिहरुले मोवाइल स्विच अफ गर्नुपर्नेछ।

ग. परीक्षा केन्द्रभित्र प्रवेश गरेपछि परीक्षामा संलग्न व्यक्तिहरुले परीक्षार्थीहरुसंग र अन्य असम्बन्धित व्यक्तिहरुसंग भेटघाट र सम्पर्क गर्न पाउने छैनन्।

घ. परीक्षा मर्यादित संयमित र निष्पक्ष रुपमा संचालन गर्ने गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ ।

ङ. परीक्षामा आवश्यक स्टेशनरी सामानको व्यवस्था सम्वन्धित विद्यालयले गर्नुपर्नेछ ।

च. छनौट समितिमा रहेका सबै सदस्यहरुको रोहवरमा विषय विज्ञले तोकिएको पाठ्यक्रमअनुसार प्रश्नपत्र तयार गर्नुपर्ने छ र प्रश्नपत्र तयार भएपछि छनौट समितिका सदस्यहरुले अन्य असम्बन्धित व्यक्तिहरुसंग भेटघाट नगरी तत्काल परीक्षा संचालन गर्नुपर्ने छ ।

छ. परीक्षार्थीबाट उत्तर पुस्तिका हात परेपछि तत्काल खामबन्दि गरेर प्र.अ.ले कोड नं. राखि परीक्षण गर्न तोकिएको विषयविज्ञ लाइ दिनुपर्ने छ र विषयविज्ञले परीक्षण गरेर छनौट समितिमा पेस गर्नुपर्नेछ ।

१५ . **परीक्षाको पाठ्यक्रमः** वालविकास शिक्षकको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची- २ मा तोकिए बमोजिम हुनेछ भने विद्यालय सहयोगिको लागि अनुसूची- ३ बमोजिम हुनेछ ।

१६. **वैकल्पिक उम्मेदवारले नियुक्ति पाउनेः** छनौट समितिले वालविकास शिक्षक तथा विद्यालय सहयोगी छनौट समितिले सिफारिस गरेको मितिले सात दिन भित्र नियुक्ति लिइ विद्यालयमा हाजिर हुन नआएमा वा नियुक्ति पछि १ वर्ष भित्र निजले राजिनामा दिइ वा कुनै कारण पद रिक्त भएमा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीको उम्मेद्वारलाइ नियुक्ति गर्नेछ ।

१७. **यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधि स्वीकृत हुनुभन्दा अघि नियमानुसार विज्ञापन भइ नियुक्त भएका र प्रकृयामा रहेका यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

## परिच्छेद-३

## सेवा तथा सर्तहरु

**१८. पारिश्रमिक:** यस कार्यविधि अनुसार नियुक्त भएको कर्मचारीहरुले विद्यालयमा हाजिर भएको मिति देखि प्रचलित कानुनअनुसार पारिश्रमिक मासिक वा त्रैमासिक रुपमा पाउनेछ भने छनौट कार्यकालागि खटिने विज्ञ तथा कर्मचारीलाई विद्यालयबाट प्रचलित खाईपाइ आएको पारिश्रमिक उपलव्ध गराईनेछ ।

**१९. विदाः (**१) यस कार्यविधिअनुसार नियुक्त कर्मचारिले वर्ष भरीमा भैपरी विदा ६ दिन, पर्व विदा ६ दिन, विरामी विदा १२ दिन पाउनेछ ।

(२) उप दफा १ बमोजिमको विदा अवधिको पारिश्रमिक पुरा उपलब्ध गराइने छ।

(३) विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

(४) दफा २० बमोजिमको कुनैपनि विदा संचित हुनेछैन ।

अनुसूची-१

परिच्छरेद २ को दफा ४ सँग सम्बन्धित

वालविकास शिक्षक तथा कार्यालय सहयोगीको लागि आवेदन फारामको ढाँचा

| फोटो |
|---|
| |

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरणः

| | |
|---|---|
| विज्ञापन नं. | पदः |

(ख) उम्मेदवारको वैयक्तिक विवरण :

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरीमा) | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) | |
| | नागरिकता नं. | जारी गर्ने जिल्ला : | लिङ्गः |
| स्थायी ठेगाना | (क) जिल्ला: | (ख) न.पा./गा.पा. | वैवाहिक स्थितिः |
| | (घ) टोल: | (ङ) मार्ग/घर नं: | फोन नं. : |
| पत्राचार गर्ने ठेगानाः | | इ-मेल : | |
| बाबुको नाम, थर :<br>आमाको नाम, थर : | | बाजेको नाम, थरः<br>पति/पत्नीको नाम, थरः | |
| आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता (भएमा उल्लेख गर्ने) | | | |
| जन्ममिति : | (वि.सं.) | मातृभाषाः | हालको उमेर : वर्ष महिना |

(ग) शैक्षिक योग्यता सम्बन्धी विवरण :

| | विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td>उम्मेदवारको दस्तखत</td><td rowspan="2">मिति :</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td><td></td></tr>
</table>

(घ) संलग्न कागजातहरुः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(३) वालविकास शिक्षकको हकमा उपलब्ध भएमा अध्यापन अनुमति पत्रको प्रतिलिपी

अनुसूची २

परिच्छेद २ को दफा १६ संग सम्बन्धित

## वालविकास शिक्षकको परीक्षाको पाठ्यक्रम

१. शिक्षाको परिचय

क. शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उद्देश्य र कार्यहरु

२. शिक्षा मनोविज्ञान

क. शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्व

ख. मानव विकासःवृद्धि र विकासको अवधारणा, चरण र विशेषताहरु

ग. पूर्ववाल्यावस्थाः विशेषता, परिवर्तन र रुचिहरु

३. सिकाइ र उत्प्रेरणा

क. सिकाइः अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु

ख. उत्प्रेरणाः अवधारणा, आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरु

४. शैक्षणिक योजना र शिक्षण विधि

क. शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना

ख. शिक्षण विधिः शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरकृयात्मक विधि

५. विद्यार्थी मुल्याङ्कन

क. निरन्तर विद्यार्थी मुल्याङ्कनः अर्थ, आवश्यकता र प्रयोग

६. शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन

क. कक्षाकोठा व्यवस्थापनः अवधारणा, आवश्यकता र महत्व

ख .शैक्षणिक संगठनः कक्षा शिक्षण, वहुकक्षा शिक्षण,विषय शिक्षण र मिश्रीत शिक्षण

७ .शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान

क. असल शिक्षकका गुणहरु

ख. कार्यमुलक अनुसन्धानः उद्देश्य र प्रयोग

८. सुचना तथा सञ्चार प्रविधि

क. शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग

९. संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलिहरु

क. नेपालको संविधानमा शिक्षा सम्वन्धी व्यबस्था

ख. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावलि, २०५९ मा प्रारिम्भक वालविकास केन्द्र सम्बन्धी व्यवस्था

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारहरु

परीक्षाको किसिमः सामान्य, विषयगत र अन्तर्वार्ता

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तिर्णाङ्क | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | २० | २० | २०× २ = ४० | वस्तुगत वहुवैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ६० | २४ | ८ | ४× १० = ४०<br>४× ५ = २० | विषयगत | २ घण्टा ४५ मिनेट |
| अन्तर्वार्ता | २५ | १० | | | मौखिक | |

वस्तुगत परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार

| क्र सं | विषयक्षेत्र | परीक्षाको किसिम | अंकभार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | | २ | १ | ४५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | | ६ | ३ | |
| ३ | सिकाइ र उत्प्रेरणा | | ४ | २ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | | ६ | ३ | |
| ५ | विद्यार्थी मुल्यांकन | | २ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | | ६ | ३ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | | ४ | २ | |
| ८ | सूचना तथा संचार प्रविधि | | २ | १ | |
| ९ | संविधान शिक्षा सम्बन्धि ऐन तथा नियमावलिहरु | | ८ | ४ | |
| जम्मा | | | ४० | २० | |

विषयगत परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार

| क्र सं | विषयक्षेत्र | परीक्षा प्रणाली | अंकभार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | विषयगत | १० | १ | २ घण्टा ४५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | | | | |
| ३ | सिकाइ र उत्प्रेरणा | | ५ | १ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | | १० | १ | |
| ५ | विद्यार्थी मुल्यांकन | | ५ | १ | |
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | | १० | १ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | | १० | १ | |
| ८ | सूचना तथा संचार प्रविधि | | ५ | १ | |
| ९ | संविधान शिक्षा सम्बन्धि ऐन तथा नियमावलिहरु | | ५ | १ | |

| | | | |
|---|---|---|---|
| जम्मा | ६० | ८ | |

**अन्तर्वार्ता सम्बन्धि व्यवस्था**

१. अन्तर्वार्ता वापत १२ अंक प्रदान गरिनेछ। अंक प्रदान गर्दा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा वढि दिनुपर्ने भएमा कारण खुलाउनु पर्नेछ।

२. न्युनतम योग्यता वापत प्रथम श्रेणिको लागि ३ अंक द्वितियको लागि २ र तृतियको लागि १ अंक र माथिल्लो योग्यता वापत प्रथमको २ र द्वितियको लागि १ अंक प्रदान गरिनेछ। अक्षरांक पद्धतिको लागि जिपिए १.६ देखि २ भन्दा कम, २ देखि २.८ भन्दा कम र २.८ देखि माथिको लागि क्रमशः १,२ र ३ अंक र माथिल्लो योग्यता वापत उल्लेखित मापदण्ड अनुसार बढिमा २ अंक प्रदान गरिने छ।

३. महिलाको हकमा अंक प्रदान गर्दा सम्बन्धित वडाको स्थायी ठेगाना भएमा ४ अंक र सम्बन्धित वडा वाहिर लुङ्ग्री गाउँपालिकाभित्र स्थायी ठेगाना भए ३ अंक प्रदान गरिनेछ।

४. वालविकास शिक्षक पदमा अनुभव वापत प्रत्येक वर्षको १ अंकको दरले बढिमा २ अंक दिइनेछ।

५.वालविकास शिक्षकको लागि विवाहित र अध्यापन अनुमति पत्र भएमा १/१ अंकको दरले जम्मा २ अंक।

# विद्यालय सहयोगी छनौट परीक्षाको लागि पाठ्यक्रम

परीक्षाको किसिमः अन्तर्वार्ता

कार्यालय संचालन, व्यवस्थापन, स्वास्थ्य तथा सरसफाई, फाइल व्यवस्थापन, विद्यालय संचालन समय सम्बन्धि सामान्य जानकारी

पूर्णाङ्कः ५०　　　　　　　　　　　　　　　　　　　　उत्तिर्णाङ्कः२०

| क्र सं | उम्मेद्वारको नाम थर | अन्तर्वार्ता | योग्यता | स्थानियता | अनुभव | |
|---|---|---|---|---|---|---|
| | | २५ | १० | १० | ५ | |

अन्तर्वार्ता सम्बन्धि व्यवस्था

१. अन्तर्वार्ता वापत २५ अंक प्रदान गरिनेछ। अंक प्रदान गर्दा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा वढि दिनुपर्ने भएमा कारण खुलाउनु पर्नेछ।

२. माथिल्लो योग्यता वापत आधारभूत तह (कक्षा-८) उत्तिर्णको लागि ५ अंक, एस. ई. ई. उत्तिर्णको लागी ८ अंक र त्यस भन्दा माथी सबै तहको लागी १० अंक प्रदान गरिने छ।

३. स्थानियता वापत अंक प्रदान गर्दा सम्बन्धित वडाको स्थायी ठेगाना भएमा १० अंक र सम्बन्धित वडा वाहिर लुङ्ग्री गाउँपालिकाभित्र स्थायी ठेगाना भए ७ अंक प्रदान गरिनेछ।

४. कार्यालय सहयोगी पदमा अनुभव वापत प्रत्येक वर्षको १ अंकको दरले बढिमा ५ अंक दिइनेछ।

आज्ञाले
धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत